प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ५ बुटवल

# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
# बुटवल, नेपाल

सचिव बैठक नं: ३०

बैठक मिति: २०७६/२/१५

<u>उपस्थिती</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनञ्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री सनत कुमार दवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय |
| श्री बैकुण्ठ अधिकारी | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री थानेश्वर ज्ञवाली | निमित्त सचिव | सामाजिक विकास मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय |

<u>निर्णयहरु</u>

१. चालु आ.व. २०७५/७६ मा संचालित कार्यक्रमहरुमा रकमान्तर वा कार्यक्रम संशोधन गर्नुपर्ने भए जेष्ठ १० भित्र सम्पन्न गर्न यस पूर्वको बैठकमा निर्णय भएकोमा हाल कार्यक्रम संचालन गर्दै जाँदा कूनै कार्यक्रममा रकमान्तर गर्न आवश्यक देखिएमा एकमुष्ठ रुपमा औचित्यताका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव पठाई सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई दिने ।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

२. चालू आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गर्ने र भएका कामहरुको समयमै भुक्तानी दिई भौतिक र वित्तिय प्रगति बीचको सामन्जस्यता कायम राख्ने । पुंजीगत खर्च वढाउन ध्यान दिने ।

३ आ.व. २०७६/७७ को वजेट निर्माणलाई प्राथमिकता दिई निम्न बमोजिम गर्ने ।

क. बजेट निर्माणका क्रममा देहायबमोजिमका दस्तावेजहरु अध्ययन गरी बजेट प्रस्ताव गर्ने ।

- क. प्रदेशको प्रथम आवधिक योजनाको आधारपत्र,
- ख. प्रदेश सभामा प्रस्तुत भई स्वीकृत भएको आ.व. २०७६/७७ को नीति कार्यक्रम
- ग. विनियोजन विधेयक २०७६ का सिद्धान्त तथा प्राथमिकताहरु,
- घ. नेपाल सरकारको २०७६/७७ को नीति कार्यक्रम तथा बजेट,
- ङ. रा.यो.आ.बाट प्रस्तुत भई नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड मापदण्ड, २०७६ र आयोजनाहरुको वहुबर्षीय ठेक्कासम्वन्धी मापदण्ड, २०७६

ख. कार्यालयका लागि आवश्यक प्रतिवद्ध खर्च प्रस्ताव गर्दा नेपाल सरकारको वजेटले व्यवस्था गर्ने प्रावधानहरुलाई मनन गरी तयार गर्ने।

ग. प्रदेशको आवधिक योजनामा प्रस्ताव गरिएका मध्ये आ.व. २०७६/७७ मा स्थापना गर्ने नीति कार्यक्रममा समावेश गरिएका संगठनहरु वारे अध्ययन गरी सो विषय समेत वजेट प्रस्ताव गर्दा ध्यान दिने ।

घ. हालसम्म पारित भएका ३८ वटा ऐनहरु बमोजिम नयाँ स्थापना गर्नुपर्ने संगठन संरचना र तर्जुमा गर्नुपर्ने नियमावलीलाई समेत ध्यान दिने ।

ङ. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पठाइएको बजेट शिलिङ्ग र मार्गदर्शनलाई आधार मान्ने ।

च. आयोजना तथा कार्यक्रमहरुका क्रियाकलाप समेत PLMBIS मा २०७६।२।१९ गतेभित्र प्रविष्टि गरिसक्ने ।

छ. प्रदेशसभाका माननीय सदस्यहरु र अन्य विभिन्न निकाय, संघसंस्था आदिबाट माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु र प्रदेश योजना आयोगमा प्राप्त निवेदनहरुको एकिकृत विवरण तयार गर्ने र सोको अध्ययन विश्लेषण गरी उपयुक्त देखिएका आयोजनाहरु छनौट गर्ने ।

ज. आवधिक योजनाले प्रस्ताव गरेका आयोजना तथा कार्यक्रमहरु कार्यक्रमगत रुपमा क्लष्टरिङ्ग गर्दा नतिजा एकिन गर्न सकिने गरी गाभी बजेट उपशीर्षक दिने ।

झ. ३ वर्षभित्र सम्पन्न हुने आयोजना तथा कार्यक्रम मात्र वजेटमा समावेश गर्ने ।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

ञ. बहुवर्षीय ठेक्का लागेका आयोजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्ने गरी २०७६/७७ लाई आवश्यक पर्ने बजेट छुट्टयाउने ।

४. वजेट प्रस्ताव तथा छलफल गर्दा प्रदेश सरकारबाट स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययितासम्वन्धी निर्देशिका, २०७५ मा रहेका नर्म्सलाई अवलम्वन गर्ने । उक्त निर्देशिकामा कुनै परिमार्जन गर्नुपर्ने भए आर्थिक मामिला तथा योजना मन्त्रालयले तुरुन्त प्रस्ताव पेश गर्ने । उक्त कार्यविधिमा रहेको व्यवस्था अनुसार हालसम्म मा.मन्त्रीहरुको पारिश्रमिक तथा सुविधाको भुक्तानी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने गरेकोमा आगामी आ. व. २०७६/७७ देखि सम्वन्धित मन्त्रालयहरुबाटै भुक्तानी गर्नेगरी आवश्यक रकम आ-आफ्ना मन्त्रालयहरुका बजेटमा प्रस्ताव गर्ने । यो विषय माथि उल्लेख भएबमोजिम विद्यमान प्रावधान संशोधनका लागि पेश गर्ने ।

५. लुम्विनी भ्रमण वर्ष, २०७६ को उदघाटन सत्र सफलतापूर्वक सम्पन्न गराउन संयोजन गरेकोमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्ने । लुम्विनी भ्रमण वर्ष सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. सबै कार्यालयको लेटरप्याड, खाम, संचालन गरिने विभिन्न कार्यक्रमहरुको व्यानर लगायतमा लुम्विनी भ्रमण वर्ष २०७६को नारा "बुद्ध जन्मस्थल लुम्विनी जाउँ, शान्तिको सन्देश फैलाऔं" राख्ने ।

ख. प्रत्येक महिनाको पुर्णिमाका दिन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

ग. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले लुम्विनी भ्रमण वर्षको वर्षभरीकै कार्यक्रम संचालन गर्न आवश्यक पर्ने वजेट विश्लेषण गरी बजेट प्रस्ताव गर्ने ।

६. गणतन्त्र दिवस, २०६७ का अवसरमा विभिन्न कार्यक्रमको आयोजना तथा संचालन विशेषत प्रभातफेरी पश्चातको समारोह सफलतापूर्वक सम्पन्न गर्ने कामको संयोजन गरेकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्ने।

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव श्री बैकुण्ठ अधिकारीलाई प्रदेश नं ५ मा स्वागत गर्ने ।

०७६/२/१६
प्रमुख सचिव

सादर अवगतार्थ
माननीय मुख्यमन्त्रीज्यू ।